जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २०७ पृष्ठः ४ | २०८२ मंसिर २२ सोमबार (Monday 08 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कमला पुल निर्माणका लागि चन्दा संकलन अभियान



सिरहा, २१ मंसिर। १४ वर्षदेखि अधुरो निर्माणाधीन हुलाकी सडक अन्तर्गत सिरहा र धनुषालाई जोड्ने कमला पुल निर्माणका लागि स्थानीयले चन्दा उठाउने अभियान सुरु गरेका छन्। कमला पुलमा उपस्थित भई अभियानका अगुवाहरूले अभियान औपचारिक रूपमा सुरुआत गरेका सामाजिक अभियन्ता तथा पत्रकार रामरिझन यादवले जानकारी दिए। "यहाँ १४ वर्षअघि काम सुरु भए पनि पटकपटक म्याद थपिँदै आएको छ। विसं २०७८ असार १७ मा बाढीले पुलका दुई पिलर भासिएपछि थप समस्या भएको छ। पुल नबन्दा मधेशका लाखौं नागरिकको यात्रा, स्वास्थ्य सेवा, शिक्षा र आर्थिक गतिविधिमा गम्भीर असर पारेको छ", उनले भने ।

अभियन्ता यादवले सरकारले १४ वर्षमा पनि पुल बनाउन नसकेपछि अब जनता आफैँले पुल बनाउनुपर्ने अवस्था आएको भन्दै प्रतिकात्मक आन्दोलन सुरु गरिएको बताए। पटक-पटक सरकारको ढोका ढक्ढकाउँदा पनि काम नभएपछि केही दिनअघि पुल निरीक्षणका लागि आएका भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङलाई जानकारी गराएरै अभियान सुरु गरिएको उनको भनाइ छ। मन्त्री घिसिङले प्राथमिकतामा राखेर जसरी पनि पुल बनाइने प्रतिबद्धता व्यक्त गरे पनि ढुक्क हुने अवस्था नरहेको अभियन्ताहरूको भनाइ छ। त्यसैले कमला पुल निर्माणमा करिब रु दुई अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएकाले धनुषा, सिरहा र सप्तरीका बासिन्दाबाट चन्दा सङ्कलन गरेर सरकारलाई सहयोग गर्ने योजना रहेको बताइएको छ।

यस अभियानका लागि प्रतिपरिवार रु १० हजारका दरले चन्दा संकलन, विष्णु महायज्ञ र अभियानलाई प्रशासनमा दर्ता गराएर आउने अनुदान रकम सरकारकै कोषमा जम्मा गर्न लगाउने बताइएको छ।

## दलित बालबालिकालाई कापी र कलम वितरण कार्यक्रम सम्पन्न




सिरहा, २१ मंसिर। गोलबजार नगरपालिका-११, बलकवाः साविक ३ मुसरी बस्तीका १५० भन्दा बढी दलित बालबालिकालाई शिक्षामा रुचि बढाउने र प्रेरित गर्ने उद्देश्यले कापी तथा कलम वितरण कार्यक्रम सम्पन्न भएको छ।

सक्रिय युवा समूह बलकवा पहलमा र हेल्पिङ हट नेपालको आर्थिक सहयोगमा सम्पन्न सो कार्यक्रमको अध्यक्षतामा स्थानीय अगुवा एवं समाजसेवी राम सगुन यादवज्यू प्रमुख अतिथिको रूपमा उपस्थित रहनु भएको थियो। उहाँले आगामी दिनमा व्यक्तिगत रूपमा पनि दलित बालबालिकाको सहयोगमा निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रम संचालनमा सक्रिय युवा समूहका प्रतिनिधि विजय भूषण ठाकुर र प्रदीप पासमान ले व्यवस्थित र प्रभावकारी भूमिका निर्वाह गर्नु भएकोमा धन्यवाद व्यक्त गरिएको छ। बालबालिकालाई शिक्षामा प्रोत्साहन दिन तथा समुदायमा सकारात्मक चेतना फैलाउन आयोजित सो पहलले स्थानिय तहमा प्रशंसा पाएको छ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं।**

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋृण उपलव्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं।

**कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मधेशमा मुख्यमन्त्री र तीन जना मन्त्रीको शपथ




काठमाडौं, २१ मंसिर। मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादव र तीन जना मन्त्रीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। मुख्यमन्त्री यादवले प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णसमक्ष शपथ ग्रहण गर्नुभयो। यादवको शपथ सकिएलगत्तै तीन जना मन्त्रीले पनि शपथ ग्रहण गर्नुभएको हो। नेपाली कांग्रेसका जंगीलाल राय यादव र नेकपा एकीकृत समाजवादीका कनिश पटेलले विनाविभागीय मन्त्रीका रूपमा र जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले अर्थमन्त्रीको शपथ लिनुभयो। विश्वासको मत पाएपछि बाँकी मन्त्रालयको टुङ्गो लगाउने सरकारको तयारी छ।

यादव गएको शुक्रवार मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। यसैबीच नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही मङ्सिर २४ गते अर्थात् आउँदो बुधवार विश्वासको मत लिने तयारी गर्नुभएको छ। बसेको सत्तापक्षीय सात दलीय गठबन्धनको बैठकले विश्वासको मत लिने निर्णय गरेको जसपाका प्रमुख सचेतक रामअशीष यादवले जानकारी दिनुभयो। त्यस्तै मधेस प्रदेश सरकारले विभिन्न महत्त्वपूर्ण निर्णयहरू गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका अघिल्ला केही निर्णयहरू खारेज गर्नुका साथै जिम्मेवारी हेरफेर र विपद् व्यवस्थापनसम्बन्धी कामलाई तीव्रता दिने निर्णय गरेको छ।

प्रदेश सरकारका २०८२ साउन २३ देखि २०८२ भदौ १९ गतेसम्म बसेका मन्त्रिपरिषद्रु बैठकबाट भएका सम्पूर्ण निर्णयहरू बदर गरिएका छन्। साथै २०८२ साउन २३ मा गठित मन्त्रिपरिषद्को कार्यकालमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालयबाट भएका नियुक्ति, जिम्मेवारी हस्तान्तरण तथा थप जिम्मेवारी तोक्ने सम्बन्धी निर्णयहरू पनि खारेज गरिएको

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## प्रतिनिधिसभा विघटनविरुद्ध कांग्रेस पनि पुग्यो सर्वोच्च अदालत

हेटौंडा बजार क्षेत्रको मुख्य सडकमा अदालतको आदेश अवज्ञा गर्दै रातारात डोजर चलाएर घर भत्काउनुलाई अरू जे नाम दिए पनि विधिको शासन भन्न मिल्दैन। पूर्वप्रधान न्यायधीशकै नेतृत्वमा सरकार हुँदा पनि यसरी अदालतको अवज्ञा हुनेगरी सरकारी बलमिच्याइँ बढ्नु चिन्ताको विषय हो। डिभिजन सडक कार्यालय हेटौंडाका हाकिमहरूले शनिवार  बजारको मुख्य सडकमा रहेका घरटहरालगायत ५ सय भन्दा बढी संरचनामा डोजर चलाइदिए। ती संरचना सडकको जग्गा अतिक्रमण गरी बनाइएको दाबी सरकारको गर्दैआएको छ। त्यही क्रममा 'सडक अतिक्रमण गरी बनाइएका संरचना' भत्काउने सूचना प्रकाशित भएपछि परेको रिटमा सर्वोच्च अदालतले भत्काउने काम नगर्न अन्तरिम आदेश गरेको थियो।

भत्काइएका संरचना सडक अतिक्रमण गरेर बनाइएका होलान् र सडक फराकिलो बनाउन तिनलाई भत्काउनुपर्ने पनि हुनसक्छ। त्यसका लागि डिभिजन सडक कार्यालयले औपचारिक विधि पूरा गरेको पनि होला। यसैले संरचना भत्काउने कामलाई तालुकवाला मन्त्रीलगायतले कानुनबमोजिमको काम भनेको हुनुपर्छ। तर, सर्वोच्च अदालतले रोक्नुभन्ने आदेश दिइसकेको संरचना भत्काउनु विधिको शासनको मर्ममा प्रहार गर्नु हो। अदालतको आदेश आइनपुगेको भन्ने तर्क पनि डोजर चलाउन आदेश दिने कर्मचारीले गरेका छन्। तर, अदालतको आदेश थाहा पाएपछि नै डिभिजन सडकका कर्मचारी रातारात डोजर लिएर घर भत्काउन पुगेको स्पष्टै देखिन्छ। नत्र, शनिवार बिदाको दिन पारेर सबै संरचना भत्काइसक्ने गरी डोजर चलाउन पक्कै लगाइने थिएन।

सरकारी अड्डाका हाकिमहरू अदालतको आदेशको यसरी नै अवज्ञा गर्दै जाने हो भने मुलुकमा भयावह अराजकता उत्पन्न हुनसक्छ। राजदूत फिर्ता बोलाउने सरकारको निर्णय अदालतले बदर गरेपछि उनीहरूलाई परराष्ट्र मन्त्रालयमा हाँजिर गराउने रकमी उपाय अपनाएर प्रधानमन्त्री मातहतको परराष्ट्र मन्त्रालयले प्रकारान्तरले न्यायालयको अवज्ञा गरेको थियो। लाग्छ, काल पल्किसक्यो। बहालवाला मन्त्रिपरिषद्का सदस्यमा प्रधानमन्त्री, कानुनमन्त्री र गृहमन्त्री कानुनी पृष्ठभूमिका त हुँदैहुन् विगतमा उनीहरूको विधिको शासनप्रतिको प्रतिबद्धता सन्देहरहित मानिन्थ्यो। तर, उनीहरूसमेत भएको सरकारमा भएका कामकाज र रकमी बलमिचाहा शैली हेर्दा भने सन्देह उब्जन थालेको छ। कतै अदालतका अरू आदेशको पनि सरकारले अवज्ञा गर्दैजाने त होइन ?

सर्वोच्च अदालतले अहिले अल्पकालीन अन्तरिम आदेशमात्र दिएको थियो। केही दिनभित्रै दुवै पक्षलाई छलफलका लागि बोलाइएकाले अदालतले रिट खारेज गर्न पनि सक्थ्यो। रिट जारी नै भए पनि त्यसमा पुनर्विचार गर्ने उपायहरू छन्। न्यायाधीश, अधिवक्ताजस्ता कानुन क्षेत्रका हस्तीहरू विधिसम्मत उपाय अपनाउनुभन्दा रकमी तर्कमा रमाएर विधिको शासनको उपहास गर्न किन प्रवृत्त भए रु बुझ्नै कठिन भएको छ। विधिको शासनको अवज्ञा हुनु लोकतन्त्रका लागि सबैभन्दा ठूलो चुनौती हो। झन् यस्तो प्रवृत्ति सरकारले नै प्रदर्शन गर्नु त लोकतन्त्रको आधारस्तम्भमा नै प्रहार गरेसरह हुन्छ। वर्तमान मन्त्रिपरिषद् यसै पनि अलोकतान्त्रिक विधिबाट स्थापित भएकाले लोकतन्त्रप्रति बढी संवेदनशील हुनुपर्ने हो। विडम्बना, सरकारको नैतिक वैधतामा पनि दुई महिनामै प्रश्न उठिसक्यो। कानुनी वैधताको परीक्षण त सर्वोच्च अदालतमा भइरहेको छ।

हेटौंडामा अपनाइएको उपाय र गरिएको तर्कले रकमी कर्मचारीतन्त्रको प्रतिनिधित्व गर्छ। 'अनुहारविहीन' भनिने कर्मचारीतन्त्र जति नै दोषी भए पनि इतिहासको कठघरामा उभिँदैन। इतिहासलाई उत्तर त राजनीतिक नेतृत्वले दिनुपर्छ। यसैगरी हेटौंडा प्रवृत्ति सुशासनका लागि पनि चुनौतीपूर्ण हो। स्यामुएल बेकेटको प्रसिद्ध नाटक 'वेटिङ फर गोदो'मा जस्तै सुशासनको अनन्त प्रतीक्षा नै नेपाली जनताको नियति हो त ?

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# प्रविधिको दुरुपयोग गरी हिंसा

**तारा वाग्ले**

नेपालमा व्याप्त असमानता, गरिबी, लैङ्गिक हिंसाले महिलालाई सामाजिक न्याय र मानव अधिकारको अनुभूति दिन सकेको छैन। सदियौँदेखि आफन्त, घरपरिवार र समाजबाटै विभिन्न खाले शारीरिक, मानसिक तथा भौतिक हिंसा खेप्दै आएका महिला अहिलेको डिजिटल युगमा समेत उस्तै हिंसामा परेका छन्। सूचना प्रविधिको बढ्दो पहुँच, उपयोग र प्रभावपछि महिलाविरुद्ध हुने हिंसा अझै बढेको देखिन्छ। यसको पछिल्लो उदाहरणको हो चार महिनामै झन्डै तीन हजार महिला हिंसामा पर्नु। चालु आर्थिक वर्ष २०८२/८३ को कात्तिक मसान्तसम्म प्रहरीको साइबर ब्युरोमा महिला हिंसासम्बन्धी करिब दुई हजार नौ सय उजुरी परेका छन्। आव २०८१/८२ मा आठ हजार चार र आव २०८०/८१ मा नौ हजार महिलाले साइबर ब्युरोमा उजुरी दिएका थिए।

अज्ञानताका कारण र कानुनको अभावका कारण मात्र महिलाविरुद्ध हिंसा भएको होइन। डिजिटल प्रविधिको विकास र विस्तारमार्फत महिला हिंसाविरुद्ध आवाज उठेको भए पनि त्यस्तै प्रविधि प्रयोग गरेर महिलाविरुद्ध 'साइबर बुलिङ,' घृणास्पद अभिव्यक्ति, 'ट्रोलिङ', अनलाइन धम्की, 'रिभेन्ज पोर्न,' 'एआई–जेनेरेटेड डिपफेक' र चरित्र हत्या जस्ता दुर्व्यवहार गर्ने गरेको पाइन्छ। महिलाले विश्वासको आधारमा आदानप्रदान गरिएका 'डकुमेन्ट,' तस्बिर वा भिडियोको दुरुपयोग गरी धम्क्याउने, गाली बेइज्जती गर्ने वा अश्लील सन्देश पठाउने जस्ता गतिविधिबारे धेरै उजुरी आउने गरेका प्रहरीको भनाइ छ ।

संयुक्त राष्ट्रस का अनुसार विश्वव्यापी रूपमा सबैभन्दा धेरै हुने मानव अधिकार उल्ल नका घटनामध्ये महिला र बालबालिकाविरुद्धको हिंसा प्रमुख हुन्। विश्वका ३८ प्रतिशत महिलाले अनलाइन हिंसा भोगेको युएनको तथ्याङ्क छ। डिजिटल हिंसाविरुद्धको मुद्दालाई राष्ट्रस ले पनि प्रमुखताका साथ उठाएको छ। नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन गरिने महिला हिंसाको १६ दिने अभियानमा पनि डिजिटल माध्यमबाट हुने हिंसाविरुद्ध आवाज उठाइएको छ। नेपाल सरकारले यस वर्ष "प्रविधिको सही प्रयोग गरौँ लैङ्गिक हिंसा अन्त्य गरौँ" भन्ने नाराका साथ यो अभियान मनाउन आह्वान गरेबमोजिम देशभर जनचेतनाका कार्यक्रम भइरहेका छन्। यता महिलाविरुद्ध 'साइबर बुलिङ,' घृणास्पद अभिव्यक्ति, 'ट्रोलिङ,' अनलाइन धम्की, 'रिभेन्ज पोर्न,' 'एआई–जेनेरेटेड डिपफेक' गरी बनाइएका अश्लील सामग्री र चरित्र हत्या जस्ता दुर्व्यवहार भइरहेको युएन वुमेनको तथ्याङ्कमा उल्लेख छ।

अहिले हरेक स्थानमा महिलाले राष्ट्रियता, लैङ्गिकता, भाषिकता, धार्मिकता, जातीयता, क्षेत्रीयता, वर्गीयता जस्ता अन्य धेरै आधारमा असमानता भोग्नु परेको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले १४ वर्षअघि विश्वमा प्रत्येक तीनमध्ये एक महिला हिंसाको सिकार हुन्छन् भन्ने तथ्याङ्क सार्वजनिक गरेको थियो। अवस्था अहिले पनि उस्तै छ। अहिले नेपालमा मात्र होइन विश्वमै अधिकांश महिला हिंसा र शोषणको सिकार भएका छन्। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, लिङ्ग, लैङ्गिकता, लैङ्गिक हिंसा र पहिचान जस्ता विषयमा बहस गरिरहँदा महिलाविरुद्धका हिंसा, अत्याचार तथा बलात्कार जस्ता जघन्य अपराधका घटना पनि उत्तिकै बाहिर आएका छन्।

यस्ता घटना हेर्दा लाग्छ न त सचेतनाका कार्यक्रमको प्रभाव देखिएको छ न त कानुनको डरले हिंसाका घटना रोकिएका छन्। लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ अनुसार 'लैङ्गिक हिंसा' भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्यसमेतलाई जनाउँछ। यस कानुनले डिजिटल हिंसालाई समेटेको छैन। स्पष्ट कानुनको अभावमा महिलाले डिजिटल हिंसामा न्याय पाउन सकेका छैनन्। अनलाइन कारोबार नियमन गर्न बनाइएको विद्युतीय कारोबार ऐनलाई नै साइबर अपराध नियमनमा प्रयोग गर्ने गरिएको कारण डिजिटल हिंसा गर्नेलाई कठोर सजाय हुन सकेको छैन ।

प्रविधिको दुरुपयोगमार्फत महिलाविरुद्ध हुने गरेका डिजिटल लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने राज्यको दायित्व हो। लैङ्गिक हिंसा र भेदभाव निर्मूल गरी समान अधिकारको प्रत्याभूति दिनुपर्ने आवश्यकता अनुसार विशेष कानुन बनाई विशेष संरक्षण प्रदान गर्नु राज्यको कर्तव्य हो। नेपालको संविधानले पनि समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धि प्राथमिकतामा राखी समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ। नेपालमा अहिलेसम्म जारी गरिएका सबै संविधानले समानताको अधिकारलाई मौलिक अधिकारको हकमा राखेर सबै नागरिकलाई कानुनको समान प्रयोगको प्रत्याभूति गरेका छन्। नेपालको संविधानको धारा ३८ ले महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेर महिलालाई समान अधिकारको ग्यारेन्टी गरेको छ। राज्यले कानुन बनाई उनीहरूको विशेष संरक्षण गर्न सक्ने बाटो संविधानले खोलिदिएको छ। नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी राष्ट्रस ीय महासन्धिको पक्षधरका रूपमा हस्ताक्षर गरेर आफ्नो प्रतिबद्धता अन्तर्राष्ट्रिय जगत्मा समेत प्रवाहित गरिसकेको छ।

यस्ता प्रतिबद्धता अनुरूप राज्यले सबै प्रकारका असमानताको अन्त्य गर्दै सबै वर्गलाई समान न्याय र अधिकार प्रदान गरी प्रगतिशील, शान्त र समतामूलक समाजको निर्माण गर्नु जरुरी छ। सरोकारवालाले पनि महिलाविरुद्ध हुने डिजिटल हिंसाको प्रतिकार गर्दै प्रविधिको दुरुपयोग रोक्न तत्काल ठोस कदम चाल्नु आवश्यक छ। यसका लागि पहिले महिलाविरुद्ध विभेद र हिंसाका कारक तत्व पहिचान गर्ने र महिला अधिकार स्थापित गर्न स्वतन्त्रता, समानता, मर्यादित जीवन र समन्याय जस्ता आधारभूत हक अधिकारको सम्मान, सरंक्षण तथा प्रवर्धन गर्नुपर्ने दायित्वलाई पूरा गर्न सम्बन्धित निकाय सदैव प्रयत्नशील रहनु पर्छ। अबका दिनमा महिलाविरुद्धका असमानता, शोषण र हिंसा अन्त्य गर्दै लैङ्गिकता, लैङ्गिक हिंसा र पहिचानको मुद्दामा केन्द्रित रही पितृसत्तात्मक परम्परागत सामाजिक व्यवस्थामा सुधार गर्नु आवश्यक छ। समानताको मुद्दालाई सामाजिक न्याय, सुशासन र समृद्धिसँग जोडिनु पर्छ। महिलाको राजनीतिक, सामाजिक र सांस्कृतिक सम्मानजनक उपस्थिति र सहभागिता सुनिश्चित भए मात्रै महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्यको बाटो खुल्न सक्छ। गोपबाट

# साविक विजेता जनकपुरको बिर्सनलायक प्रदर्शन

काठमाडौं, २१ मंसिर।पहिलो संस्करणको नेपाल प्रिमियर लिग ( एनपीएल) क्रिकेटमा उपाधि जितेको जनकपुर बोल्ट्सले दोस्रो सिजनका लागि कोर टिमसहित महत्वपूर्ण खेलाडीलाई दोस्रो संस्करण पनि निरन्तरता दिएको थियो। गत संस्करण उपाधि जित्न महत्वपूर्ण भूमिका निभाएका अमेरिकन विकेटकपर ब्याटर लाहिरु मिलान्थाबाहेक अन्य सबै विदेशी खेलाडीहरू नयाँ ल्याएको जनकपुरले दोस्रो संस्करण पनि राम्रो प्रदर्शन गर्ने धेरैको अनुमान थियो।



विशेषगरी दक्षिण अफ्रिकाका दुई स्टार खेलाडीहरू वायन पार्नेल र इमरान ताहिरलाई पनि अनुबन्ध गरेको जनकपुरले ब्याटिङ मात्र नभएर बलिङ पनि अझ बलियो बनाएको आभाष दिलाएको थियो। तर मैदानमा भने बिल्कुल फरक नतिजा देखियो। कागजमा बलियो देखिएपनि मैदानको प्रदर्शन भने जनकपुरको फितलो रह्रुयो। यस संस्करणमा ७ मध्ये १ खेल मात्र जितेर प्लेअफको यात्रा तय गर्न सकेन। गत संस्करण उपाधि जितेको जनकपुर एकैपटक माथिबाट तल पुग्यो, पुछारमा।

जनकपुरले टिम कम्बिनेसनदेखि कप्तानसम्म परिवर्तन गरेपनि नतिजा भने शून्यप्राय नै रह्रुयो। अन्ततः लिग चरणमा सबैभन्दा पुछारमा रहेर प्रतियोगिता सकायो। जनकपुरले सुरुवाती ४ खेलमा हार बेहोरेपछि

**–बाँकी तीन पेजमा**

## साविक विजेता...

पाँचौं खेलमा आएर चितवन राइनोजमाथि जित निकाल्दै एउटा ‘स्टेटमेन्ट’ दिएको थियो। तर त्यो स्टेटमेन्ट त्यतिमै सीमित भयो, टिमलाई अगाडि पुऱ्याउन पर्याप्त भएन। आइतबार भएको कर्णाली याक्ससँगको अन्तिम खेलमा जितनजिक पुगेर पराजित भएसँगै जनकपुर ७ खेलमा २ अंक मात्र जोडेर आठौं स्थानमा फिनिस गर्ने अवस्था बनेको हो।

टस जितेर पहिले कर्णालीलाई पहिले ब्याटिङको निम्तो दिएको जनकपुरले कसिलो बलिङ गर्दै कर्णालीलाई ठूलो योगफल भने बनाउन दिएन। पिच पनि स्पीन बलरलाई बढी नै सहयोगी हुने देखिँदा जनकपुरले पूरै २० ओभर स्पीनरलाई बलिङ गराएको थियो। अझ भनौं जनकपुरले आजको खेलमा पेस बलर नै खेलाएको थिएन। कर्णालीले २० ओभरमा ९ विकेट गुमाएर १२९ रन बनायो। जवाफमा कर्णालीले पनि १५ ओभरसम्म स्पीन बलरलाई नै बलिङ गराएको थियो। एक समय कर्णालीले जनकपुरको टप अर्डर ध्वस्त पार्दै ७ ओभरभित्रै ४ विकेट लिएको थियो।

१० ओभरमा ४२–४ को अवस्थामा रहेको जनकपुरका लागि संगीथ कुरे र सन्जय कृष्णमुर्तीले ७५ रनको साझेदारी बनाउँदै कमब्याक गराएका थिए। १०४ रन हुँदा संगीथ कूरे आउट भए भने सन्जयले अर्धशतक बनाएर खेललाई अन्तिमसम्मै पुऱ्याए। टिमलाई अन्तिम ओभरमा १६ रन आवश्यक हुँदा उनी अन्तिम ओभरको पहिलो बलमा आउट भए। अन्त्यमा जनकपुर ३ रनले पराजित भयो। यसरी जनकपुरको अन्त्य पनि सुखद् हुन सकेन।

जनकपुरका अफिसियलदेखि प्रशिक्षक अनि कप्तानदेखि खेलाडीसम्मका लागि यो संस्करण बिर्सनलायक भयो। साविक विजेता भएकाले बिर्सन त्यति सजिलो भने हुने छैन।

**धेरै परिवर्तन, थोरै प्रभाव**

जनकपुरले गत संस्करणकै कप्तान अनिल साहलाई कप्तानीमा निरन्तरता दिएको थियो। तर सुरुवाती ३ खेलमा लगातार पराजित भएपछि जनकपुरले कप्तान परिवर्तन गरेको थियो। त्यसमाथि अनिल त प्लेइङ ११ बाटै बाहिर राखिए। अनिलको स्थानमा वायन पार्नेललाई कप्तानको जिम्मेवारी दिइएको थियो, जो प्रतियोगितामा जनकपुरको चौथो खेलबाट मात्र उपलब्ध थिए। पार्नेलले कप्तानी गरेको खेलमा पनि जनकपुर पराजित भयो।

जनकपुरले एनपीएलमै पहिलोपटक विदेशी कप्तान नियुक्त गरेको थियो। पार्नेलको अनुभवका कारण उनलाई कप्तानी दिएको टिमले नै बताएको थियो। पाँचौं खेलमा अनिल टोलीमा फर्किए तर ब्याटरका रूपमा मात्र। उक्त खेलमा अनिलले अर्धशतक नै बनाए, जकपुरले खेल पनि जित्यो। खेलपछि उनले कप्तानी दबाब नहुँदा ब्याटिङ राम्रो भएको प्रतिक्रिया दिएका थिए।

‘म ब्याटिङ गर्दा ब्याटरकै रूपमा खेल्न खोज्छु। कप्तान हुनुभन्दा अगाडि ब्याटर हूँ भनेर सोच्छु। रन बनिरहेको थिएन प्रेसर थियो पनि, ब्याटर खेल्न खोज्दा पनि हारको कुराहरू आउने रैछ दिमागमा’ अनिलले पाँचौं खेल जितेपछि भनेका थिए, ‘अहिले लागिरहेको छ, ब्रेकपछि प्रदर्शन भइरहेको जस्तो देखिएको छ। आजभन्दा सिरियस अरु खेलमा थिएँ, ब्रेकपछि त्यो चेन्ज भएजस्तो देखिन्छ।’ त्यसपछिका दुई खेलमा फेरि उनको ब्याट चलेन। कप्तान पनि फेरि परिवर्तन गरियो। वायन पार्नेल टोलीबाटै बाहिर हुँदा निकोल लफ्टी इटन कप्तान बने। नतिजा भने उही रह्रुयो, जनकपुरले खेल जित्न सकेन।

सहायक प्रशिक्षक मनोज कटुवालले पनि अनिल कप्तानी दबाबमा रहेको बताएकाले कप्तान परिवर्तन गरेको बताए। ‘अनिलले कप्तानी दबाब लिइरहेको थियो, ऊ आफैंले प्रेसर महसुस गरेर हामीलाई भन्यो अनि हामीले अनुभवका आधारमा पार्नेललाई कप्तानी दिएका थियौं’ कटुवालले भने, ‘कप्तानी उनलाई दिएको भएपनि बाहिरबाट सल्लाह दिने काम भने आसिफ, लफ्टी इटनहरूबाट पनि भएको थियो।’

कप्तान मात्र नभएर जनकपुरले विभिन्न खेलमा फरक फरक कम्बिनेशन प्रयोग गरिरहेको थियो, जसले नतिजा भने दिन सकेको थिएन। सबैभन्दा धेरै ८ जना विदेशी खेलाडी घोषणा गरेको जनकपुरले इमरान ताहिरबाहेक नेपाल आएका ७ जना खेलाडीलाई नै मौका दियो। जनकपुरले गत संस्करणका उच्च रनकर्ता लाहिरु मिलान्थालाई तेस्रो खेलबाट बेन्चमा राखेपछि कुनै खेल पनि खेलाएन। प्रतियोगिताको सुरुवाती खेल खेलेका लाहिरु समारकून पनि त्यसपछि गुमनाम भए। प्रतियोगिताको बीचमा आएका संगीथ कूरे पनि टिममा आउने–जाने भइरहे। माज सदाकतले तेस्रो खेलदेखि अन्तिमसम्मै खेले। वायन पार्नेलले २ खेल मात्र खेले। अमेरिकी सन्जय कृष्णमुर्ती र निकोल लफ्टी इटनले मात्र सबै खेल खेले।

यस्तै राष्ट्रिय टोलीका मुख्य स्पीन बलर ललित राजवंशीलाई पनि चौथो, पाँचौं र छैटौं खेलमा बेन्चमा राखेको थियो। यसबाहेक रुपेश सिंह र किशोर महतो अनि घरेलु खेलाडीहरू विकाश आग्री, मयन यादव, सचिन भट्ट, आदित्य महतालाई पनि रोटेट गराइरहेको थियो।

**कागजमा बलियो, मैदानमा फितलो**

जनकपुर बोल्ट्सको मुख्य समस्या यसपटक ब्याटिङमा देखिन्थ्यो। कागजमा हेर्दा बलियो देखिएपनि मैदानमा भने त्यसअनुरुपको प्रदर्शन हुनै सकेन। ब्याटिङमा पनि विशेषगरी टप अर्डर ब्याटिङ यो संस्करणमा चल्नै सकेन। पहिलो खेलमा आसिफ शेखले अर्धशतक बनाएका थिए। त्यसबाहेक उनका लागि पनि सिजन बिर्सनलायक रह्रुयो। उनले ७ खेलमा १०५ रन बनाए। ३ खेलमा उनी डकआउट नै भए। यस्तै अनिल साहले ७ खेलमा एक अर्धशतकसहित ७३ रन बनाए। एकै खेलमा ६१ रन बनाएका उनले अन्य ५ खेलमा १२ रन मात्र बनाए। २ खेलमा डकआउट नै भए।

जनकपुरको ब्याटिङ विशेषतः तीन विदेशी खेलाडीले धाने। मिडल अर्डरमा खेल्ने सन्जय कृष्णमुर्तीले ७ खेलमा २ अर्धशतकसहित सबैभन्दा धेरै १६७ रन बनाए। यस्तै प्रतियोगिताको बीचमा आएका पाकिस्तानी खेलाडी माज सदाकतले ५ खेलमा १ अर्धशतकसहित ११३ रन बनाए। उनले टप अर्डरमा राम्रो सुरुवात दिलाउन खोजेपनि अन्यबाट सहयोग हुन सकेन।

निकोल लफ्टी इटनले ७ खेलमा १०८ रन बनाउँदै सर्वाधिक रनकर्ताको तेस्रो स्थानमा रहे। जनकपुर विजयी भएको खेलमा बाहेक कुनैपनि खेलमा १४५ रनभन्दा बढी योगफल बनाउन सकेन। २ खेलमा १३० भन्दा कम योगफल अनि २ खेलमा १३० रन बनाउँदा एक खेलमा १३२ रन र एक खेलमा १४५ रन बनायो। प्रशिक्षक कटुवालले पनि अपेक्षा अनुसार खेलाडीबाट प्रदर्शन हुन नसकेको बताए। ‘हामीलाई पहिलो सिजन जिताएका खेलाडीहरू चल्न सकेनन्, त्यही कारणले हाम्रो यो संस्करण राम्रो हुन सकेन’ उनले भने। ‘हामी कागजमा हेर्दा बलियो नै थियौं, लोकल खेलाडीहरू चल्न सकेनन्। आसिफ र अनिलबाट पनि प्रदर्शन राम्रो हुन सकेन’ उनले थपे, ‘विदेशी खेलाडीबाट पनि जुन् आशा थियो त्यो हुन सकेन।’ जनकपुरको बलिङ औसत नै देखिँदा फिल्डिङमा पनि केही खेलहरूमा कमजोर देखिएको थियो। महत्वपूर्ण क्याचहरूदेखि मिसफिल्ड धेरै हुँदा मोमेन्टम प्राप्त गर्ने अवस्था पनि बनेन। अनलाइनखबरबाट

## मधेशमा...

छ।

यस्तै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका प्रदेश सचिव जयकुमार श्रीवास्तवलाई अर्को व्यवस्था नभएसम्म आन्तरिक प्रशासन, आर्थिक अधिकारसहित सचिवस्तरीय जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएको छ। मन्त्रिपरिषद्ले नागरिकको जीवन रक्षालाई सर्वोच्च प्राथमिकता दिने निर्णय गर्दै आउँदो वर्षायाममा डेंगु, झाडापखाला, हैजाजस्ता रोगको नियन्त्रण, औषधि तथा आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धता, साथै आवश्यक थप बजेट व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यसैगरी बाढी, डुबान, आगलागीलगायत प्राकृतिक विपद्का जोखिम उच्च रहेकाले पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यहरू प्रभावकारी रूपमा अघि बढाउन गृह, सञ्चार तथा कानुन मन्त्रालय, प्रदेश विपद् व्यवस्थापन कार्यसमितिलगायत सम्बन्धित निकायलाई आवश्यक समन्वय र सहकार्य गर्न निर्देशन दिइएको छ।

# चैते धान ३९ हजार मेट्रिक टनले वृद्धि

काठमाडौं, २१ मंसिर। गत आर्थिक वर्ष २०८१/८२ मा चैते धानको उत्पादन ३८ हजार नौ सय ३८.८ मेट्रिक टनले वृद्धि भएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत जोन/सुपरजोनका २६ वटा जिल्लामा चैते धान उत्पादनमा वृद्धि भएको हो। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम व्यवस्थापन एकाइका सूचना अधिकारी डा.जीतबहादुर चन्दका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा १७ हजार चार सय ८६ हेक्टर क्षेत्रफलमा चैत धान रोपिएको थियो। त्यसमा एक लाख एक हजार चार सय १८.८ मेट्रिक टन धान उत्पादन भएको हो। उक्त क्षेत्रफलमा ५.८० मेट्रिकटन/हेक्टरले धान उपादकत्व भएको थियो।

आर्थिक वर्ष २०८०/८१ मा ११ हजार तीन सय ६० हेक्टर क्षेत्रफलमा धान रोपिएकोमा ६२ हजार चार सय ८० मेट्रिकटन धान उत्पादन भएकोमा ५.५० मेट्रिकटन प्रतिहेक्टर उत्पादकत्व भएको उनले बताए। आर्थिक वर्ष २०८०/८१ को तुलनामा गत आर्थिक वर्ष २०८१/८२ मा ६ हजार एक सय २६ हेक्टर क्षेत्रफल बढीमा चैते धान खेती गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम व्यवस्थापन एकाइले जनाएको छ। चैते धान खेती योग्य जिल्लामध्ये २१ वटा जिल्ला जोन र पाँच वटा जिल्ला सुपरजोन रहेका छन्। जोनमा सुनसरी, सिरहा, धनुषा, सर्लाही, रौतहट, चितवन, गोरखा, प्युठान, सल्यान, पर्वत, सप्तरी, बारा, पर्सा, नुवाकोट, मकवानपुर, तनहुँ, बाँके, कैलाली, महोत्तरी, नवलपरासी सुस्ता पूर्व र नवलपरासी सुस्ता पश्चिम रहेका छन्। सुपरजोनमा झापा, कञ्चनपुर, कपिलवस्तु, बर्दिया र मोरङ जिल्ला रहेका छन्।

एकाइका सूचना अधिकारी चन्दले बर्सेनि चैते धान खेतीको क्षेत्र विस्तार हुँदै गएकाले पनि उत्पादनमा वृद्धि भएको बताए। धान जोनमा नपरेका वडाहरूले पनि धान जोनमा जोडिन खोजेकाले गर्दा पनि क्षेत्र विस्तार बढ्दै जान थालेको उनले बताए। समयमै राम्रो वर्षा भए जोन र सुपरजोनमा ९९ प्रतिशतले धान उत्पादनमा वृद्धि हुने एकाइले जनाएको छ। गत वर्ष राम्रो वर्षा भएकाले गर्दा पनि धान उत्पादनमा वृद्धि भएको उनले बताए। कृषिलाई आधुनिकीकरण गर्न उन्नत प्रविधि र आधुनिक प्रविधि किसान समक्ष विस्तार गर्नाले पनि किसानहरू चैते धान खेतीतर्फ आर्कषण बढेको उनको भनाइ छ।

साना सिँचाइमार्फत किसानहरूको खेतसम्म सिँचाइ सुविधा र यान्त्रिकरणलगायतका सामाग्री वितरण गर्दै आइरहेको एकाइले जनाएको छ। एकाइले वर्षमा २० हजारदेखि ३० हजार हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा विस्तार गर्दै आइरहेको छ। कृषि पूर्वाधार निर्माणलगायतका काम पनि गर्दै आइरहेको उनले बताए। आगामी चैतमा करिब पाँच हजार हेक्टर चैते धानको क्षेत्रफल विस्तार गरेर लैजाने उनको भनाइ छ। पछिल्ला वर्ष मुलुकमा बढ्दो खाद्यान्न आयात, कृषि पेशामा युवा पुस्ताको घट्दो आकर्षण र रुचि तथा जलवायु परिवर्तनको असरले गर्दा कृषि क्षेत्रमा सुधारको आवश्यकता देखिइरहेको छ।

यस सन्दर्भमा नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्दै उत्पादकत्व बढाउने तथा सो मार्फत रोजगारी पनि सिर्जना गर्ने उद्देश्यले स ीय सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरूवात गरेको थियो। यस परियोजनाले साना व्यावसायिक उत्पादन केन्द्रहरू (पकेट), मध्यम व्यावसायिक उत्पादन केन्द्रहरू ( ब्लक), व्यावसायिक उत्पादन तथा प्रशोधन केन्द्रहरू (जोन) र बृहत् व्यावसायिक उत्पादन तथा औद्योगिक केन्द्रहरू (सुपरजोन) गरी चार सम्भागमा विशिष्टीकृत सघन कृषि क्षेत्रहरूको स्थापना गरी उत्पादन तथा उत्पादकत्वको वृद्धि गर्ने उद्देश्य लिएको छ।

आर्थिक वर्ष २०७३/७४ बाट कार्यान्वयनमा आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुरोधमा गरिएको हो। परम्परागत कृषि प्रणाली, कम उत्पादकत्व र न्यून यान्त्रीकरण लगायत बजार पहुँचको अभावले नेपालको कृषि क्षेत्र दिगो, प्रतिस्पर्धी र व्यावसायिक प्रणालीमा रूपान्तरण हुन सकेको छैन।

# पोखरा विमानस्थल निर्माणमा ८ अर्बभन्दा धेरै भ्रष्टाचार, ५ पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध मुद्दा दर्ता


काठमाडौं, २१ मंसिर। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पोखरा विमानस्थल निर्माणमा भ्रष्टचार गरेको आरोपमा पाँच पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ। यस्तै एउटा चिनियाँ कम्पनीविरुद्ध पनि मुद्दा दर्ता भएको छ। अख्तियारले आज विशेष अदालतमा दायर गरेको मुद्दामा आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार रुपैयाँ बिगो कायम गरेको छ। अख्तियारले गरेको अनुसन्धानमा अनियमितता ठहर भए अनुसार बिगो कायम गरी मुद्दा दायर गरेको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो।

भ्रष्टाचार मुद्दा लाग्नेहरूमा पूर्वमन्त्रीहरू पोष्टबहादुर बोगटी, डा. रामशरण महत, भीम आचार्य, रामकुमार श्रेष्ठ र दीपक अमात्य छन्। पूर्वमन्त्री बोगटीको निधन भइसकेकाले उनकी श्रीमती राममायालाई बिगो जफत प्रयोजनका लागि प्रतिवादी बनाइएको छ। अर्का पूर्वमन्त्री डा. महत अल्जाइमर्स रोग लागेर विस्मृतिमा पुगेका छन्। मुद्दा लागेका मन्त्रीमध्ये डा. महत पूर्वअर्थमन्त्री हुन् भने बाँकी पूर्व पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुन्।

यस्तै भक्तपुर नलिञ्चोक हेलिपोर्टको भ्रष्टाचार मुद्दामा अहिले हिरासतमा रहेका नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी पोखरा विमानस्थलको भ्रष्टाचार मुद्दामा पनि मुछिएका छन् । त्यस्तै समावेशी आयोगका पूर्वअध्यक्ष रामकृष्ण तिमिल्सिनालाई पनि पोखरा विमानस्थल निर्माणको भ्रष्टाचार मुद्दा लागेको छ। पोखरा विमानस्थल चीनको ऋण सहयोगमा बनाइएको राष्ट्रिय गौरवको आयोजना हो। २०६५ सालदेखि अध्ययन शुरू गरेर २०७९ सालमा निर्माण सम्पन्न भएको यो विमानस्थल घोटाला प्रकरणमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति अन्तर्गतको उपसमितिले समेत २०८२ सालको वैशाखमा कैफियत देखाउँदै अख्तियारलाई अनुसन्धान गर्न निर्देशन दिएको थियो।

उपसमितिले विमानस्थल निर्माणमा झन्डै १० अर्ब रुपैयाँ भ्रष्टाचार भएको दाबीसहित प्रतिवेदन समितिलाई बुझाएको थियो। समितिले थप अनुसन्धानका लागि अख्तियारलाई पठाएको हो।

# जिम्मेवार पत्रकारिताको विकासका निम्ति प्रेस काउन्सिल प्रभावकारी बन्नुपर्छ : सञ्चारमन्त्री खरेल



काठमाडौँ, २१ मंसिर। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले स्वतन्त्र, निश्पक्ष, मर्यादित र जिम्मेवारीपूर्ण पत्रकारिताको विकासका लागि प्रेस काउन्सिल नेपालले थप प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको छ। प्रेस काउन्सिल नेपालको अध्यक्षमा नियुक्त वरिष्ठ अधिवक्ता डा. कुमार आचार्यलाई आज सञ्चारमन्त्रालयमा नियुक्ति पत्र प्रदान गर्दै मन्त्री खरेलले पेशागत उच्च व्यवसायिक अभ्यासकासाथ मर्यादित र जिम्मेवारीपूर्ण पत्रकारिताको विकासमा काउन्सिल सक्रिय हुनुपर्ने बताउनुभयो।

सञ्चारमन्त्री खरेलले नेपालको आमसञ्चार र नयाँ मिडियालाई थप व्यवसायिक, मर्यादित, जनउत्तरदायी र प्रभावकारी बनाउन काउन्सिलले संविधान र कानुनले दिएको अधिकार र जिममेवारी कर्तव्यवहन गर्दै काम गर्नुपर्नेमा जोड दिनुभयो। "प्रेस काउन्सिलको अध्यक्षजस्तो गरिमामय पदको जिम्मेवारी पाउनुभएको छ। यहाँले आफ्नो कार्यकाल इतिहासमा रेकर्ड रहने गरी जिम्मेवारीपूर्वक काम गर्ने विश्वास लिएको छुँ", मन्त्री खरेलले भन्नुभयो,"संस्थाको गरिमा बढाउनेगरी मर्यादित र जिम्मेवारीपूर्वक पत्रकारिताको विकासका निम्ति प्रभावकारी भूमिका खेल्न आग्रह गर्दछु।"

सरकारले सुशासन कायम, भ्रष्टाचार नियन्त्रणका लागि काम गरिरहेको अवस्थामा आगामी निर्वाचनलाई निश्पक्ष, स्वतन्त्र र धाधलिरहित बनाउने तथा मिस इनफरमेशन, डिस इनफरमेसन र फेक न्यूजको दबदबालाई चिर्नेगरी काउन्सिलको भूमिका प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो,"काउन्सिलको अध्यक्षले भन्नुभएजस्तै कारबाहीको दायरा भन्दा पनि बढी जिम्मेवार बनाउनेकुरा महत्वपूर्ण हो। जिम्मेवारी गहन छ सफलतापूर्वक पुरा गर्ने विश्वास लिएको छु।" काउन्सिलका नवनियुक्त अध्यक्ष आचार्यले प्राप्त गहन जिम्मेवारीलाई इमान्दारिपूर्वक पालना गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले अधिकारको प्रयोग नगरी कर्तव्य प्रयोग गरेर संस्थाको गरिमालाई उचो बनाउने कार्यमा सक्रिय प्रतिवद्धता जनाउनुभयो।

उहाँले भन्नुभयो,"जेनजी आन्दोलनपछि सुशासनको पक्ष र भ्रष्टाचारविरुद्धमा गठन भएको सरकारले नियुक्त गरेको मान्छे भएर मेरो प्राथमिकतामा संस्थागत भ्रष्ट्राचार र अनियमितता नियन्त्रण तथा मर्यादित र जिम्मेवारिपूर्ण पत्रकारिताको विकास रहेको छ।" प्रेस काउन्सिलको अध्यक्ष पदमा नियुक्त वरिष्ठ अधिवक्ता डा. कुमार आचार्यलाई नियुक्ति पत्र प्रदान गरिएको हो। मन्त्रिपरिषद्को यही मङ्सिर १५ गतेको बैठकले आचार्यलाई काउन्सिलको अध्यक्ष नियुक्त गरेको थियो।

# भतिजी–बुहारीद्वारा खानामा विष मिसाएर दिँदा सासूको मृत्यु, ससुरा गम्भीर

विराटनगर, २१ मंसिर। मोरङको बेलबारी नगरपालिका–२ मा भतिजी बुहारीले खानामा विष मिसाएर खुवाउँदा ७७ वर्षीया सासू इन्द्रमाया राईको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार विष मिसिएको भात खाँदा ७० वर्षीय भक्तबहादुर राई गम्भीर घाइते छन्। घरमै खानामा विष मिसाइएपछि उनीहरू शनिबार बेहोस अवस्थामा फेला परेका थिए। स्थानीयले दिउँसो करिब ३ बजे भक्तबहादुरलाई घरनजिकैको खोल्सीमा अचेत फेला पारेका थिए। उनलाई घर पुऱ्याउँदा इन्द्रमाया पनि आँगनमै लडेर बेहोस अवस्थामा भेटिएकी थिइन्। घरको आँगनमा तीनवटा कुखुरा मरेको अवस्थामा भेटिएपछि विष खुवाइएको पुष्टि भएको प्रहरीले दाबी गरेको छ।

उनीहरूलाई तत्काल उपचारका लागि नोबेल मेडिकल कलेज लगिएको थियो। कलेजमा उपचारका क्रममा शनिबार राति इन्द्रमायाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी हरिनन्दन चौधरीले बताए। भक्तबहादुरको गम्भीर अवस्थामा उपचार भैरहेको छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले भतिजी बुहारी ३२ वर्षीया सुनिता कार्कीलाई पक्राउ गरेको छाप्रहरीका अनुसार उनले खानामा विष मिसाएको स्वीकार गरेकी छन्। 'कार्कीले विष खुवाएपछि बट्टा अँगेनामा डढाएको बताएकी छन्,' प्रहरी स्रोतले भन्यो, 'हामीले जलेको विषको बट्टा पनि बरामद गरिसकेका छौं।'

पारिवारिक विवादका कारण कार्कीले राई दम्पतीलाई खानामा विष मिलाएको प्रहरीको भनाइ छ। कार्कीविरुद्ध कर्तव्य ज्यान मुद्दामा म्याद थप गरेर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# ट्रान्सफर्मर चोरी गर्ने गिरोह नै समातिएपछि सर्लाहीका किसानलाई राहत

जनकपुर, २१ मंसिर। विद्युत् ट्रान्सफर्मर चोरीमा संलग्न गिरोह पक्राउ परेपछि सर्लाहीका कृषकले केही राहत महसुस गरेका छन्। जिल्लाका विभिन्न १७ स्थानमा ट्रान्सफर्मर चोरी गर्ने गिरोहका नौ जनालाई प्रहरीले मंसिरको पहिलो साता पक्राउ गरेको थियो। सिँचाइका लागि खेत–खेतमा जडान गरिएका ट्रान्सफर्मर चोरी हुँदा किसान, नेपाल विद्युत् प्राधिकरण र प्रहरी हैरान भइरहेका थिए। ट्रान्सफर्मर चोरी भएपछि किसान सिँचाइ सुविधाबाट वञ्चित हुनुपरेको थियो।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले ट्रान्सफर्मर चोरीमा संलग्न नौ जनालाई पक्राउ गरेपछि चोरीको दबाब र तनावबाट मुक्ति मिलेको बताए। हालसम्मको अनुसन्धानमा यस घटनामा अझै केही व्यक्तिको संलग्नता देखिएकाले फरार रहेकाहरूको खोजी जारी रहेको उनले जानकारी दिए। पक्राउ परेकामध्ये चार जना भारतीय नागरिकसमेत छन्। पक्राउ पर्नेमा इलामको माइजोगमाई गाउँपालिका–४ का २८ वर्षीय दुर्गा अधिकारी, सिन्धुपाल्चोकको पाखर गाउँपालिका–१ का ४२ वर्षीय सोनाम लामा, महोत्तरी बर्दिवास नगरपालिका–३ का ५३ वर्षीय बुधे माझी, पर्सा वीरगञ्ज महानगरपालिका–१६ का ३३ वर्षीय दिलीपकुमार ओझा र बाराको जितपुरसिमरा उपमहानगरपालिका–६ का ३९ वर्षीय कृष्ण श्रीवास्तव रहेका छन्।

त्यस्तै भारतीय नागरिक ५० वर्षीय सुखाडी सहनी, २० वर्षीय सरोजकुमार सहनी, ५५ वर्षीय मोहम्मद रयाजुल र ३५ वर्षीय सञ्जित पदार्थ रहेका छन्। उनीहरूलाई हाल सदरमुकाम मलंगवास्थित जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा राखी अनुसन्धान भइरहेको एसपी खड्काले बताए। उनका अनुसार पक्राउ परेकाहरूको साथबाट चोरी गरिएको ट्रान्सफर्मरका तार १०३.८ केजी, चोरीमा प्रयोग गरिएको ५१ थान औजार र दुई थान ई–रिक्सा बरामद गरिएको छ।

प्रहरीका अनुसार चोरी गरिएका ट्रान्सफर्मरका तार तथा उपकरण बारा, पर्सा लगायतका स्थानमा लगेर बिक्री गर्ने गरिएको खुलेको छ। यस गिरोहमा संलग्न भई फरार रहेका अन्य व्यक्तिको खोजी भइरहेको भए पनि प्रहरीले थप विवरण खुलाएको छैन। वीरगञ्जबाट ई–रिक्सामै राति आएर ट्रान्सफर्मर चोरी गर्ने गरेको सूचना पाएपछि प्रहरीले सूक्ष्म ढंगले अनुसन्धान अघि बढाएको थियो। ट्रान्सफर्मर चोरीका कारण बागमती, लालबन्दीको रानीगन्ज, चन्द्रनगरलगायत क्षेत्रका किसानलाई सिँचाइमा गम्भीर समस्या परेको थियो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)